सरावल गाँउपालिका

नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः ९ | संख्याः७ | पौष महिना १४ गते, २०८२ |

**भाग २**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम सरावल गाउपालिकाको कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सरावल गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दोस्रो संसोधन २०८२**

सरावल गाँउपालिका

# सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दोस्रो संसोधन २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/११
प्रमाणीकरण मितिः २०८२/०९/१३
प्रकाशित मितिः २०८२/०९/१४

प्रस्तावनाः **सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दोस्रो संसोधन २०८२** लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको मिति २०८२/०९/११ गतेको कार्यपालिका बैठकले यो कार्यविधिलाई संशोधन गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

संक्षिप्त नाम र प्रारम्भः (१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दोस्रो संसोधन २०८२**" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ को उपदफा २ मा (क), (ख) र (ग) थप गरी देहायको व्यवस्था थप**

**क) ईजाजत पत्रको नामसारी व्यवस्थाः-** कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नामसारी गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रोपाईटरको निवेदन पेश गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रमा नाम परिवर्तन गर्न सकिनेछ ।

**ख) इजाजत पत्रको नाम परिवर्तनको व्यवस्थाः-** कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नाम परिवर्तन गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रोपाइटरको निवेदन पेश गरेमा अनुसुचि-२ बमोजिम दस्तुर लिई इजाजत पत्रमा नाम परिवर्न गर्न सकिने छ ।

**ग) इजाजतपत्रको ठाउँसारीको व्यवस्थाः**-कुनै निर्माण व्यवसायीले इजाजत पत्रको ठाउँसारी गर्न चाहेमा इजाजतपत्र दर्ता भएको स्थानीय तहको सिफारिस करचुक्ता ठाउँ सारेको वडा कार्यलायको सीफारिस र अनुसूची-४ भरी प्रोपराईटरले निवेदन पेश गरेमा अनुसूची—२ बमोजिम दस्तुर लिई इजाजतपत्र ठाउसारी गर्न सकिनेछ ।

घ) मिति २०७८/०९/२९ मा भएको पहिलो संशोधन झिकिएको ।

सरावल गाँउपालिका

अनुसूची-२

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्वन्धित

| क्र.स. | विषय | समय सिमा | दस्तुर |
|---|---|---|---|
| १ | दर्ताको लागि | | ३५०००/- |
| २ | नविकरण | असोज सम्ममा | १००००/- |
| ३ | | असोजबाट चैत्रसम्ममा | २००००/- |
| ४ | | बैशाखबाट | खारेज |
| ५ | इजाजत पत्र नामसारी दस्तुर | | १०००/- |
| ६ | नाम परिवर्तन दस्तुर | | १०००/- |
| ७ | इजाजतपत्र ठाउसारी दस्तुर | | १०००/- |

आज्ञाले,

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका